# अस्थायी रूपमा बन्द गरिएका वेबसाइट तथा वेबमा आधारित प्रणालीहरू सूचारू गर्ने सम्बन्धमा जारी गरिएको सूचना।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशनबमोजिम सरकारी निकायहरूका वेबसाइट तथा वेबमा आधारित प्रणालीहरुमा PHP प्रविधिसँग सम्बन्धित सुरक्षा कमजोरीहरूबाट हुन सक्ने साइबर सुरक्षा जोखिम न्यूनीकरण गर्ने उद्देश्यले मिति २०८३/०७/०४ (२१ अक्टोबर २०२६) बाट Public Access बन्द गरिएका वेबसाइट तथा वेबमा आधारित प्रणालीहरू पुनः सूचारू गर्ने सम्बन्धमा देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नुहुन सूचित गरिन्छ।

१. **PHP मा आधारित वेबसाइट तथा प्रणालीहरू:** राष्ट्रिय साइबर सुरक्षा केन्द्रबाट जारी सुरक्षा परामर्श (Advisory) बमोजिम पहिचान भएका सुरक्षा कमजोरीहरू सुधार तथा आवश्यक सुरक्षा परीक्षण सम्पन्न गरेपछि प्रणालीको विवरण (वेबसाइट वा प्रणालीको डोमेन नाम, URL, IP, OS, OS version, Database and its version, Programming Language and version आदि) सहितको पत्र यस केन्द्रलाई पठाउनु पर्नेछ। प्राप्त विवरणका आधारमा केन्द्रबाट प्रणालीमा Public Access तत्काल कायम गरिने छ।

२. **PHP बाहेकका अन्य प्रविधिमा आधारित वेबसाइट तथा प्रणालीहरु:** सम्बन्धित सरकारी निकायबाट प्रणालीको विवरण (वेबसाइट वा प्रणालीको डोमेन नाम, URL, IP, OS, OS version, Database and its version, Programming Language and version आदि) सहितको पत्र यस केन्द्रलाई पठाउनु पर्नेछ। प्राप्त विवरणका आधारमा केन्द्रबाट प्रणालीमा Public Access तत्काल कायम गरिने छ।

३. **सम्बन्धित सबै निकायहरू:** वेबसाइट तथा प्रणालीमा Public Access सूचारू गर्नका लागि अनुरोध गर्नुअघि सम्बन्धित प्रणालीको सुरक्षा अवस्था सुनिश्चित गरी आवश्यक विवरणसहित केन्द्रको आधिकारिक इमेल ठेगाना (info@idmc.gov.np वा support@idmc.gov.np) मा अनुरोध गर्नुपर्नेछ।

साइबर सुरक्षा जोखिम न्यूनीकरण तथा सरकारी सूचना प्रणालीहरूको सुरक्षित र भरपर्दो सञ्चालन सुनिश्चित गर्न सम्बन्धित सबै सरकारी निकायहरूबाट आवश्यक सहयोग तथा समन्वयको अपेक्षा गरिएको छ। थप जानकारीका लागि यस केन्द्रका सूचना अधिकारी श्री अशोक राना (सम्पर्क नं. 9763693279) लाई सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय
एकीकृत डाटा व्यवस्थापन केन्द्र
सिंहदरबार

**एकीकृत डाटा व्यवस्थापन केन्द्र**
सिंहदरबार, काठमाडौं
८ कार्तिक, २०८३